# सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम, २०७०

**प्रस्तावना**

कर्मचारी सञ्चय कोष ऐन, (संशोधन सहित) २०१९ को दफा १९ छ को व्यवस्थाअनुरुप सञ्चयकर्ताको स्वास्थ्य उपचार गर्दा भएको खर्च मध्ये निश्चित रकमसम्म सञ्चयकर्ता कर्मचारीलाई कर्मचारी सञ्चय कोषले आफ्नो स्रोतबाट शोधभर्ना गरी सामाजिक सुरक्षा प्रदान गर्न **कर्मचारी सञ्चय कोषका जगेडा कोष, कल्याणकारी कोष, निवृत्तिभरण कोष र अन्य कोषहरु संचालन नियमावली, २०६२ को नियम ५(ग)** बमोजिम संचालक समितिले देहायको कार्यक्रम लागू गरेको छ :

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यक्रमको नाम "सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम, २०७०" रहेको छ ।

(२) यो कार्यक्रम २०७० साल बैशाख १ गतेदेखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यक्रममा :

(१) "सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम" भन्नाले सञ्चयकर्ताले कुनै खास रोग लागी तोकिएका अस्पतालमा भर्ना भई उपचार गराउंदा भएको खर्च रकममध्ये केही अंश कोषबाट यस कार्यक्रम बमोजिम उपलब्ध गराउने सामाजिक सुरक्षा सुविधा सम्झनुपर्दछ ।

(२) "निवेदक" भन्नाले यस कार्यक्रमबाट स्वास्थ उपचारमा भएको खर्च रकम शोधभर्नाका लागि कोषमा निवेदन गर्ने सञ्चयकर्ता वा निजको हकवालालाई सम्झनुपर्दछ ।

(३) "अस्पताल" भन्नाले अनुसूची २ मा उल्लेखित अस्पतालहरुलाई संझनु पर्दछ ।

(४) "कडा रोग" भन्नाले ब्रेन ह्यामरेज, क्यान्सर, मृगौला प्रत्यारोपण, हर्ट सर्जरी, एच.आई.भी. एड्स र हेपाटाइटिस बी रोगलाई सम्झनु पर्दछ ।

(५) "संचालक समिति" भन्नाले कर्मचारी संचय कोषको संचालक समिति सम्झनु पर्दछ ।

## परिच्छेद- २

## सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रमको शर्त तथा अवस्था

**३. सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम उपलब्ध गराउने :** सेवा अवधिभित्र रोग लागि उपचारको निमित्त तोकिएको अस्पतालमा भर्ना भएको सञ्चयकर्तालाई यस कार्यक्रमबमोजिम उपचार गर्दा लागेको खर्च प्रकरण ५ बमोजिमको सीमाभित्र कोषले शोधभर्ना दिनेछ ।

**४. सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रममा सहभागी हुन सक्ने सञ्चयकर्ता :**

(१) कोषमा नियमित रुपमा कोषकट्टी गरिरहेका सञ्चयकर्ताहरुले यो सुविधा प्राप्त गर्न सक्नेछन् ।

(२) यस कार्यक्रमबमोजिम पाउने उपचार खर्चको लागि अस्पतालबाट डिस्चार्ज भएको मितिले **३** महिनाभित्र कोषमा निवेदन दिई सक्नु पर्नेछ ।

**५. सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रमको सीमा :**

(१) सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रमको अधिकतम सीमा रु.१५,०००/- (पन्ध्र हजार) वा दावी गरेको उपचार खर्चको ५० प्रतिशत मध्ये जुन कम हुन्छ सो सीमासम्म रहनेछ ।

(२) कडा रोगको उपचारको हकमा अधिकतम सीमा रु ३५,०००/- (पैंतिस हजार) वा दावी गरेको उपचार खर्चको ५० प्रतिशत मध्ये जुन कम हुन्छ सो सीमासम्म रहनेछ ।

**६. तोकिएको अस्पतालमा भएको उपचार खर्च मात्र शोधभर्ना हुने :**

(१) अनुसूची २ मा तोकिएको अस्पतालहरुमा भर्ना भई उपचारमा भएको खर्चमात्र शोधभर्ना योग्य हुनेछ ।

(२) कोषले समय समयमा अस्पतालहरुको सूचीमा थपघट गर्न सक्नेछ ।

**७. शोधभर्ना हुने उपचार खर्च** : अस्पताल भर्ना भई उपचार गर्दा लागेको देहायको खर्च मात्र कोषबाट शोधभर्ना हुने छ ।

क) अस्पतालले लिएको शुल्क तथा खर्चहरु

ख) उपचारको क्रममा अस्पतालले सिफारिस गरेको औषधी तथा उपचार सामग्रीहरु

ग) रोग निदानका लागि अस्पतालमा गरिएको प्रयोगशाला परीक्षण खर्च ।

**८. शोधभर्ना नहुने उपचार खर्च :** देहायको खर्च यस कार्यक्रम अनुसार शोधभर्ना हुने छैन ।

(१) डिस्चार्ज हुँदाका वखत अस्पतालबाट लेखिएका औषधि वाहेक आफूखुशी खरिद गरिएको औषधी तथा अन्य कुनै प्रकारको उपचार खर्च ।

(२) सम्वन्धित रोजगारदाता वा अस्पतालले उपचार खर्चमा कुनै छुट, सुविधा वा शोधभर्ना दिएको भए त्यस्तो खर्च ।

(३) अनुसुची ४ मा उल्लेख भएका रोग तथा अवस्थाहरुमा भएको खर्च ।

(४) अस्पतालबाट डिस्चार्ज भएको मितिले ३ (तीन) महिना नाघेपछि गरेको शोधभर्ना मागदावी ।

**९. शोधभर्नाको पटक :**

(१) नोकरी अवधि २ (दुई) बर्ष पूरा नभएका सञ्चयकर्ताले यो सुविधा पाउने छैन ।

(२) तमाम नोकरी अवधिमा बढीमा ३ (तीन) पटक सम्ममात्र प्रकरण ५ बमोजिमको सीमा ननाघ्ने गरी सोधभर्ना दिने छ ।

## परिच्छेद- ३

## सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रमको कार्यान्वयन

**१०. सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रमको कार्यान्वयन** :

(१) यस कार्यक्रम अन्तरगतको निवेदन स्वीकृति गर्ने, शोधभर्ना दिने, लेखाङ्कन गर्ने, अभिलेख गर्ने लगायतका अन्य सम्पूर्ण कामकारवाही कोषको सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभागले गर्नेछ ।

(२) काठमाडौं उपत्यका बाहिरका सञ्चयकर्ताहरुले शाखा कार्यालयहरुमार्फत दिएको निवेदन सम्वन्धित शाखा कार्यालयले १५ दिन भित्र सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभागमा पठाउनु पर्नेछ ।

**११. शोधभर्नाको लागि निवेदन दिनु पर्ने :**

(१) उपचार खर्च शोधभर्ना लिन चाहने सञ्चयकर्ताले अनुसूची १ को ढांचामा अनुसूची ३ मा उल्लिखित कागजातहरु समावेश गरी आफ्नो कार्यालयको सिफारिस सहित अस्पतालबाट डिस्चार्ज भएको मितिले ३ महिनाभित्र कोषमा निवेदन दिनु पर्नेछ ।

(२) उपचार गरिसकेपछि शोधभर्नाको लागि कोषमा निवेदन गर्नुपर्नेछ । निवेदनमा उपचार गर्दा लागेको खर्चको सक्कल बिल समावेश भएको हुनुपर्नेछ ।

(३) अस्पतालबाट डिस्चार्ज भएको मितिले ३ महिनापछि प्राप्त हुने निवेदनमाथि कुनै कारवाही गरिने छैन ।

(४) उपचारको क्रममा मृत्यु हुने सञ्चयकर्ताको हकमा उपचारको क्रममा भएको खर्चको शोधभर्नाको लागि निजको हकवालाले माथि उप-प्रकरण १,२ र ३ अनुरुप आवेदन दिनु पर्नेछ ।

**१२. निर्णय प्रक्रियाः**

(१) प्रकरण ११ बमोजिम कोषको केन्द्रीय कार्यालय वा शाखा कार्यालय मार्फत पेश हुन आएका निवेदनहरु माथि विभागले आवश्यक परीक्षण गर्नु पर्ने छ । यसरी परीक्षण गर्दा कुनै कागजात स्पष्ट नभएमा वा थप पुष्टीकरणको आवश्यकता भएमा सम्वन्धित सञ्चयकर्ता वा अस्पतालसंग सम्पर्क गरी आवश्यक कागजात तथा सूचना माग गर्न सकिने छ ।

(२) प्रकरण ११ बमोजिमको निवेदन उपरको निर्णय सामान्यतया सम्वन्धित विभागीय प्रमुखको सिफारिसमा सम्वन्धित विभाग हेर्ने मुख्य अधिकृतको तहबाट हुनेछ । तर विभागले प्रकरण १२(१) अनुसार परीक्षण गर्दा असामान्य, जटिल प्रकृतिको तथा द्विविधा हुने अवस्था देखिएमा प्रकरण १२(३) बमोजिमको सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम शोधभर्ना समितिबाट अन्तिम निर्णय हुनेछ ।

(३) सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम शोधभर्ना समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :

| | |
|---|---|
| क) प्रशासक | संयोजक |
| ख) सम्बन्धित मुख्य अधिकृत | सदस्य |
| ग) प्रशासकले तोकेको चिकित्सक एकजना | सदस्य |
| घ) सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभागको विभागीय प्रमुख | सदस्य |
| ङ) सम्वन्धित शाखाको शाखा प्रमुख | सदस्य सचिव |

(४) उप-प्रकरण ३ बमोजिम गठित समितिले दावी फछ्र्यौट गर्दा देहाय बमोजिम गर्न सक्ने छ :

क) अनुसुची ३ मा उल्लिखित कागजातका अतिरिक्त निवेदक वा अस्पतालसंग अन्य कागजात माग गर्न ।

ख) दावीका सम्वन्धमा चिकित्सक वा अन्य कुनै विशेषज्ञसंग राय लिन ।

(५) प्रकरण ११ बमोजिमको निवेदन कोषमा दर्ता भएको मितिले सामान्यतया २ (दुई) महिनाभित्र फछ्र्यौट गरिने छ ।

(६) उप-प्रकरण ३ बमोजिम गठित समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(७) उप-प्रकरण ३ बमोजिम गठित समितिले अन्य कार्यविधि आफै तोक्न सक्नेछ ।

**१३. शोधभर्ना प्रक्रियाः** प्रकरण १२ अनुसार शोधभर्नाको निर्णय भएपछि सम्वन्धित निवेदक वा निजको हकवालालाई स्वीकृत रकम भुक्तानी दिईने छ । यस्तो भुक्तानी कोषको सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग र शाखा कार्यालयहरुमार्फत दिन सकिनेछ ।

## परिच्छेद- ४

## विविध व्यवस्था

**१४. कार्यक्रमका लागि कोष तथा लेखांकन** :

(१) कर्मचारी सञ्चय कोषका जगेडाकोष, कल्याणकारी कोष, निवृत्तिभरण कोष र अन्य कोषहरु सञ्चालन नियमावली,२०६२ को नियम ५ अनुसार सञ्चयकर्ता कल्याणकारी कोषमा व्ययभार हुने गरी सोहि नियमको (ग) अनुरुप यस सम्वन्धी खर्च सोहि कोषबाट व्यहोरिने गरी संचालक समितिले तोके बमोजिम हुनेछ ।

(२) यस कार्यक्रम अन्तर्गत भुक्तानी भएको उपचार खर्चको अभिलेख सम्बन्धित सञ्चयकर्ताको कोषकट्टी हिसाब खातामा देखिने गरी कोषले व्यवस्थित रुपमा राख्नेछ ।

**१५. कार्यक्रमको स्थगन** : कुनै कारणबाट यस कार्यक्रमलाई निरन्तरता दिन नसकिने भएमा संचालक समितिले जुनसुकै बेला पनि यो कार्यक्रमलाई स्थगन गर्न सक्ने छ ।

**१६. गलत विल भरपाई पेश गरी भुक्तानी लिएको वा लिने प्रयास गर्नेलाई कारवाही :** कुनै सञ्चयकर्ताले गलत विल भरपाई पेश गरी उपचार रकम शोधभर्ना लिने प्रयास गरेको पाईएमा त्यस्तो निवेदकको नाम कालोसूचीमा राखिनेछ र शोधभर्ना लिई सकेको भएमा त्यसरी लिएको रकम निजले कोषकट्टी रकम भुक्तानी लिदांको अवस्थामा कोषकट्टी रकमबाट कोषले विशेष सापटी रकममा लिने व्याजदरका आधारमा व्याज समेत हिसाब गरी असुल उपर गरिनेछ ।

**१७. संचालक समितिको अधिकार :**

(१) प्रकरण ५ मा उल्लिखित उपचार खर्च शोधभर्नाको सीमा संचालक समितिले समय समयमा परिवर्तन गर्न सक्नेछ ।

(२) यस कार्यक्रम कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्काउ परेमा वा अस्पष्ट भई सोको व्याख्या गर्नुपर्ने भएमा सञ्चालक समितिले गरेको निर्णय वा व्याख्या अन्तिम हुनेछ ।

**१८ अनुसूचीमा संशोधन :** यस कार्यक्रमको अनुसूचीहरु आवश्यकता अनुसार प्रशासकबाट संशोधन/परिमार्जन हुन सक्नेछ ।

**अनुसूची -१**

## सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम अनुरुप उपचार खर्च शोधभर्नाका लागि निवेदन

श्री कर्मचारी सञ्चय कोष,
................................ ।

### विषय : औषधोपचार खर्च शोधभर्ना पाउँ ।

म ................................................ मिति ........................ मा ..................... समयमा .............................................. रोग लागि उपचार गराएकोले कोषको नियमानुसार औषधोपचार रकम पाउनका लागि देहाय बमोजिमका उपचार सम्बन्धी प्रमाणहरु संलग्न गरी यो दाबी फारम पेश गरेको छु । यसमा संलग्न गरिएका उपचार सम्बन्धी कागजात र विवरण ठीक छन् पछि कुनै कुरा झुठो सावित भएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

| **विरामी प्रमाणित गर्ने संलग्न कागजातहरु** | | | |
|---|---|---|---|
| १ | | २ | |
| ३ | | ४ | |
| ५ | | ६ | |
| ७ | | ८ | |

| **निवेदक** |
|---|
| निवेदक (आफै/हकवाला) को दस्तखत : |
| निवेदक/हकवालाको नाम थर : |
| सञ्चयकर्ताको नाम थर : |
| सञ्चयकर्ताको परिचयपत्र नं. : |
| सञ्चयकर्ताको उमेर : |
| सञ्चयकर्ताको बाबुको नाम थर : |
| सञ्चयकर्ताको आमाको नाम थर : |
| स्थायी ठेगाना : |
| कार्यालयको नाम : |
| कार्यालयको ठेगाना : |
| भुक्तानी लानेको फोन नं. |

**औंलाको छाप**

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

### सञ्चयकर्ताको कार्यालयबाट प्रमाणित गर्ने :

यस कार्यालयका .................. दर्जाका प.प.नं. .................. का कर्मचारी श्री ..................................... को मिति ............................ मा विरामी भई उपचार भएको व्यहोरा प्रमाणित गर्दै कोषको नियम अनुसार पाउने औषधोपचार रकम भुक्तानीका लागि सिफारिश गर्दछौं । निज कर्मचारीको मिति .............................. देखि हालसम्म यस कार्यालयबाट नियमित रुपले कोषकट्टी भएको छ । निज कर्मचारी / निजको हकवाला श्री ............................... ले क्षतिपूर्ति रकम भुक्तानी पाउन दाबी फाराममा हाम्रो रोहबरमा रेखात्मक र लेखात्मक सहीछाप गर्नु भएकोले क्षतिपूर्ति रकम .......................................स्वयं/कार्यालय मार्फत उपलब्ध गराई दिनुहुन अनुरोध छ ।

| **लेखा सम्बन्धी काम गर्ने कर्मचारी** | **कार्यालय प्रमुख** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नामथर : | नामथर : |
| दर्जा : | दर्जा : |
| परिचयपत्र नं. | परिचयपत्र नं. |
| | कार्यालयको नाम : |
| मिति : | मिति : |

| कार्यालयको छाप |
|---|

**अनुसुची २**

**सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रमका लागि कोषले निर्धारण गरेका अस्पतालहरु :**

| क.स. | **अस्पतालहरुको नाम** |
|---|---|
| १ | नेपाल सरकारका केन्द्रीय, क्षेत्रीय, उपक्षेत्रीय, अञ्चल तथा जिल्ला अस्पतालहरु |
| २ | वीर अस्पताल स्वास्थ्य विज्ञान प्रतिष्ठान, रत्नपार्क |
| ३ | त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगन्ज |
| ४ | पाटन स्वास्थ विज्ञान प्रतिष्ठान, ललितपुर |
| ५ | वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान |
| ६ | वि.पी. क्यान्सर अस्पताल, भरतपुर |
| ७ | भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर |
| ८ | भक्तपुर मानव अङ्ग प्रत्यारोपण केन्द्र अस्पताल, भक्तपुर |
| ९ | सरुवा रोग अस्पताल, टेकु |
| १० | नेपाल राष्ट्रिय क्षयरोग अस्पताल, ठिमी |
| ११ | राष्ट्रिय मृगौला उपचार केन्द्र, बालाजु |
| १२ | गंगालाल राष्ट्रिय हृदय रोग उपचार केन्द्र, बाँसवारी |
| १३ | नेपाल आँखा अस्पताल, त्रिपुरेश्वर |
| १४ | तिलगंगा आँखा अस्पताल, तिलगंगा |
| १५ | निजामति कर्मचारी अस्पताल, मीनभवन काठमाडौं |
| १६ | नेपाल प्रहरी अस्पताल |
| १७ | सशस्त्र प्रहरी अस्पताल |
| १८ | वीरेन्द्र सैनिक अस्पताल र नेपाली सेनाका क्षेत्रीय अस्पताल |

**अनुसुची ३**

## औषधोपचार खर्च दावी फारामका साथमा पेश गर्नु पर्ने कागजातहरु

(१) रोग प्रमाणित गर्ने चिकित्सकको प्रेस्कृप्सन ।

(२) अस्पतालमा भर्ना भई उपचार गरेको प्रमाणित हुने अस्पतालको डिस्चार्ज सिट ।

(३) भर्ना भई उपचार गराएको अस्पतालले प्रमाणित गरिदिएको बिल भपाईहरुको सक्कल प्रति (ल्याव परीक्षण, औषधि तथा उपचार सामग्री खरिद) । अस्पताल बाहिर औषधी, उपचार सामग्री खरिद तथा ल्याव परीक्षण गराएको भए स्थायी लेखा कर बिजक (पान बिल) ।

(४) कार्यरत कार्यालयबाट सञ्चयकर्ताले विदा लिएको प्रमाण ।

(५) सञ्चयकर्ता परिचय पत्रको प्रतिलिपि ।

(६) हकवाला प्रमाणीत गर्ने कागजात जस्तै नाता प्रमाणित, नागरिकता (हकवालाले दावी गर्दा) ।

**अनुसुची ४**

## सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रमले नसमेट्ने रोग र अवस्था

१. देहायको अवस्था वा कारणबाट भएको मृत्यु वा चोटपटक

(क) जानी जानी आफैले लगाएको चोट,

(ख) आत्महत्या वा आत्मदाह प्रयास

(ग) मादक पदार्थ वा लागू औषधीको प्रभावको कारणबाट,

(घ) प्रचलित कानून बमोजिम अनुमति प्राप्त हवाई जहाजमा यात्रीको रुपमा यात्रा गरेकोमा बाहेक अन्य उडान,

(ङ) कावा खाने खेल (ह्वील रेस) घोड दौड, बन्जी जम्पिङ्ग, प्यारा ग्लाइडिङ्ग वा मोटरसाइकल दौड,

(च) पोलो, शिकार, स्कुवा ड्राइभिङ्ग, पर्वतारोहण, निशानावाजी

(छ) पागलपन

(ज) सञ्चयकर्ताबाट कुनै प्रचलित कानून भङ्ग गरेको परिणामबाट,

(झ) दुर्घटनाबाट नभई उद्वेग वा स्नायू सम्वन्धी चोट,

(ञ) मानव जीवन रक्षा गर्ने प्रयास गर्दा वाहेक नचाहिंदो खतरा मोल्ने कार्य ।

२. युद्ध, अतिक्रमण, बिदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्) गृह युद्ध, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट सञ्चयकर्ताको मृत्यु भएमा वा चोटपटक लागेमा,

३. खोप वा जीवनको परिवर्तन, प्लाष्टिक-सर्जरी कुनै किसिमको प्रशोधन वा सौन्दर्य-उपचार (कस्मेटिक/प्लाष्टिक सर्जरी) तर रोगको उपचार वा दुर्घटनाको कारणबाट उपरोक्त कार्य गर्नु परेमा यो अपवाद लागू हुने छैन ।

४. आणविक विकिरण वा आणविक इन्धनको ज्वलन पछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता ( स्वतः जारी रहने अणुको विच्छेदनको जलन समेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हुने कुनै दुर्घटना,

५. आणविक हात-हतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना,